# महाबु गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
गैडाबाज, दैलेख, कर्णाली प्रदेश,नेपाल
(सूचना प्रविधि शाखा)


## सिलबन्दी दरभाउपत्र आह्वानको सूचना

***प्रथम पटक प्रकाशित मितिः २०७८।०२।०७***

यस महाबु गाउपालिका को चालु आ.ब. ०७७।०७८ को स्वीकृत समपुरककोष अन्तरगतको काशिकाध टाकुरी सडक निमार्ण कार्य अन्तरगत तल्लो बडावन, साजु सल्लेरी खण्ड सडक निर्माण कार्य सिलबन्धी कार्य दरभाउपत्रको माध्यम द्वारा खरिद गर्नु पर्ने भएकोले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र यस सुचनामा उल्लेखित सेवा सर्तको अधिनमा र ईच्छुक ईजाजत पत्र प्राप्त निर्माण ब्यबसायी ,व्यक्ति वा फर्म तथा कम्पनीहरुले महाबु गा.पा. कार्यालय, दैलेखबाट पछि फिर्ता नहुने गरी रु. १०००।– तिरी दरभाउपत्र फाराम खरिद गरी निम्न शर्तको अधिनमा रहि रित पुर्वकको शिलबन्दी दरभाउपत्र प्रथम पटक सुचना प्रकाशित मितिले १६ औ दिनको १२.०० बजे भित्र पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ।

तपशिल

१. दरभाउपत्र फाराम खरिद गर्दा अध्यावधिक नविकरण भएर्को फर्मको इजाजत प्राप्त पत्र, आन्तरिक राजश्व कार्यालयमा मू.अ.कर दर्ता भएको प्रमाण पत्र, आ.ब. ०७६।०७७ को कर चुक्ता प्रमाण पत्र र नेपाली नागरिकताको प्रमाणपत्रहरु (मान्यता प्राप्त नोटरी पब्लिकद्धारा) प्रमाणित प्रतिलिपि संलग्न हुनुपर्नेछ। दरभाउपत्र दाता खरिद कारबाहीमा भाग लिन अयोग्य नभएको, यो खरिद कारबाहीमा आफ्नो स्वार्थ नबाझिएको र व्यबसायी सम्बन्धी कसुर सजाय नपाएको भनि लिखित रुपमा गरेको घोषणा पत्र समेत सिलबन्दी दरभाउपत्र साथ पेश गर्नु पर्ने छ।

२. ईजाजत प्राप्त व्यबसायी व्यक्ति वा फर्महरुले मात्र दरभाउपत्र फाराम खरिद गर्न पाउने छ। निर्माण कार्यको कार्यालयले सारभुतरुपमा प्रभावग्राही दरभाउपत्र मध्ये प्याकेजको रुपमा सबै भन्दा घटी कबोल गर्ने फर्मको दरभाउपत्र स्वीकृत गर्न सक्नेछ ।

३. खरिद भएका दरभाउपत्रहरु रित पूर्वक भरि आवश्यक कागजातहरु संलग्न राखी सहिछाप गरि सिलबन्दी गरि खामको बाहिर ब्यक्ति वा फर्मको पुरा नाम, ठेगाना, कामको विवरण स्पष्ट लेखि १६ (सोह्र) औं दिनको १२:०० बजे भित्र यस कार्यालय, दैलेखमा दर्ता गराउनु पर्नेछ। अन्यथा मान्यता दिईने छैन। दर्ता भएका सम्पूर्ण शिलबन्दी दरभाउपत्र ठेकेदार वा निजको आधिकारीक प्रतिनिधिहरुको र कार्यालयको प्रतिनिधीहरुको रोहवरमा सोहि दिनको २:०० बजे अर्थात मिति २०७८।०२।२३ गते दिनको २.०० बजे खोलिने छ। दरभाउपत्र दाता वा निजको आधिकारिक प्रतिनिधिहरु अनुपस्थित रहेमा पनि दरभाउपत्र खोल्न बाधा पर्नेछैन।

४. दरभाउपत्र साथ धरौटी वापत तपशिलमा उल्लेखित रकम यस कार्यालयको नेपाल केडिट एण्ड कमर्स बैंक महाबु शाखा दैलेखमा रहेको धरौटी खाता नं.१५२०००००००४०१ मा जम्मा गरेको भौचर वा सो रकम बराबरको मान्यता प्राप्त बैंकबाट यस कार्यालयको नाममा जारी गरेको कम्तीमा ७५ (पचहत्तर) दिन म्याद भएको बिड बण्ड संलग्न हुनुपर्नेछ। नगद लाई मान्यता दिईने छैन।

५. ठेक्का अवधी भर कुनै पनि मुल्य बृद्धि दिईने छैन र खरिद हुने लागत अनुमान रकम मु.अ.कर तथा कन्टीजेन्सी सहित रु.१९९९५१२।६४ अक्षरुपी उन्नाइस लाख उनानसय हजार पाच सय बाह्र पैसा चौसठी रहेको छ।

६. शिलबन्दी दरभाउपत्र खरिद गर्ने, दर्ता गर्न र खोल्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिन सोही समयमा उक्त कार्य हुनेछ।

७. शिलबन्दी दरभाउपत्रमा अंक र अक्षर दुबैमा प्रष्ट सँग ग दररेट लेखिएको हुनुपर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ। केरमेट भएको ठाउमा अनिवार्य सहिछाप भएको हुनुपर्नेछ।

८. नियमानुसार लाग्ने कुनै पनि कर, दस्तुरहरु ठेकेदार स्वयंमले ब्यहोनु पर्नेछ।

९. म्याद नाघी वा रित नपुगी वा कुनै शर्त राखि पेश हुन आएको शिलबन्दी दरभाउपत्र उपर कुनै पनि कारबाही गरिने छैन।

१०. प्राप्त दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ।

११. यस सूचनामा लेखिएको हकमा यसै सूचना बमोजिम र यसमा उल्लेख नभएको हकमा सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ (संशोधित) र नेपाल सरकारको प्रचलित कानुन बमोजिम हुनेछ

१२. शिलबन्दी दरभाउपत्र सम्बन्धी अन्य कुरा बुझ्नु परेमा कार्यालय समय भित्र यस कार्यालय मा सर्म्पक गर्न सकिनेछ।

तपसिल:

| क्र.सं. | ठेक्का नं. | विवरण | लागत अनुमान (मु.अ.कर तथा कन्टीनेन्सी सहित) (रु.) | विडबण्ड रकम (रु.) | दरभाउपत्र खरिद दस्तुर रु. | ठेकेदारको बर्ग |
|---|---|---|---|---|---|---|
| १. | १५/०७७/०७८ | काशिकाध टाकुरी सडक अन्तरगतको तल्लो बडाबन , साजु ,सल्लेरी सडक खण्ड निर्माण कार्य। | १९९९५१२।६४ उन्नाइस लाख उनानसय हजार पाँच सय बाह्र पैसा चौसठी मात्र | ५००००। पचास हजार मात्र | १०००।– एक हजार | इजाजत प्राप्त निर्माण ब्यबसायी |

(भक्त बहादुर मल्ल)
प्रमुख प्रशासकीय अधिकृत